फोन नं. ०६६-५२१३२९

निर्वाचन आयोग, नेपाल

प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन, २०७९

# मुख्य निर्वाचन अधिकृतको कार्यालय

लमजुङ जिल्ला

प्रतिनिधि सभा निर्वाचन क्षेत्र नं: १

प. सं. ०७९/०८०
च. नं.

मितिः-२०७९।७।२२

विषयः-मतदानकेन्द्रमा खटिने कर्मचारीको नामावली प्रकाशन सम्बन्धमा।

२०७९ साल मंसिर ४ गते सम्पन्न हुन गईरहेको प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचनको लागि लमजुङ जिल्ला प्रतिनिधि सभा निर्वाचन क्षेत्र नं.१ र सो क्षेत्र भित्रको प्रदेश सभा क्षेत्र नं. १-१ र १-२ अन्तर्गतका सम्पूर्ण मतदान केन्द्रमा खटिने सबै कर्मचारीहरुको नामावली प्रकाशन गरी जिल्ला निर्वाचन व्यवस्थापन समितिबाट देहाय बमोजिम निर्णय भएकोले सोही अनुसार यो सूचना प्रकाशन गरिएको छ।

१. लमजुङ जिल्ला प्रतिनिधि सभा सदस्य नि. क्षेत्र नं. १ अन्तर्गत प्रदेश सभा १-२ अन्तर्गतका बेसीशहर नगरपालिकाका वडा नं. १-९, मध्यनेपाल नगरपालिका, सुन्दरबजार नगरपालिका र क्व्होलासोथार गाउँपालिकाका सम्पूर्ण केन्द्रहरुमा खटिने मतदान अधिकृत र सहायक मतदान अधिकृतहरुको तालिम मिति २०७९।७।२७ गते जिल्ला समन्वय समिति लमजुङको सभाहलमा विहान १०:०० बजे देखि सञ्चालन हुने हुँदा सम्बन्धित सम्पूर्ण मतदान अधिकृत तथा सहायक मतदान अधिकृतहरु अनिवार्य उपस्थित हुनुहुन,

२. लमजुङ जिल्ला प्रतिनिधि सभा सदस्य नि. क्षेत्र नं. १ अन्तर्गत प्रदेश सभा १-१ अन्तर्गतका बेसीशहर नगरपालिका वडा नं. १० र ११, राइनास नगरपालिका, दोर्दी गाउँपालिका, दूधपोखरी गाउँपालिका तथा मर्स्याङ्दी गाउँपालिकाका सम्पूर्ण केन्द्रहरुमा खटिने मतदान अधिकृत र सहायक मतदान अधिकृतहरुको तालिम मिति २०७९।७।२८ गते जिल्ला समन्वय समिति लमजुङको सभाहलमा विहान १०:०० बजे देखि सञ्चालन हुने हुँदा सम्बन्धित सम्पूर्ण मतदान अधिकृत तथा सहायक मतदान अधिकृतहरुलाई अनिवार्य उपस्थित हुनुहुन,

३. मतदान अधिकृत र सहायक मतदान अधिकृतको नियुक्ति तालिम अगावै सम्पर्कमा आएमा सोही बखत वा तामिल अवधिमा मुख्य निर्वाचन अधिकृतको कार्यलयबाट उपलब्ध गराईने व्यहोरा जानकारी गराईन्छ।

फोन नं. ०६६-५२१३२९

४. सहायक कर्मचारी र कार्यालय सहयोगी कर्मचारीहरुको नियुक्ति पत्र २०७९।७।२४ देखि नै मुख्य निर्वाचन अधिकृतको कार्यालयबाट उपलब्ध गराइने छ।

५. मतदान केन्द्रमा खटिने सम्पूर्ण कर्मचारीहरुले पाउने सुविधा वापतको रकम Electronic fund transfer (EFT) मार्फत भुक्तानी प्रयोजनको लागि आफ्नो परिचय पत्र, बैङ्क खाता नं. खुलेको चेकको प्रतिलिपि र प्यान नं. नियुक्ति पत्र लिन आउँदा अनिवार्य रुपमा साथमा लिई उपस्थित हुनुहुन,

६. मतदान केन्द्रमा खटिने कर्मचारीहरुको प्रतिनिधि सभा तर्फ समानुपातिक मतदान प्रयोजनको लागि मतदाताको अस्थायी मतदाता नामावली मिति २०७९।७।२८ गतेसम्ममा तयार गर्नुपर्ने हुँदा सो मितिसम्ममा अस्थायी मतदाता नामावलीमा नाम समावेश गर्न आफ्नो मतदाता परिचय पत्र नं. मुख्य निर्वाचन अधिकृतको कार्यालयमा अनिवार्य रुपमा उपलब्ध गराउनु हुन समेत सूचित गरिन्छ।

शिवप्रसाद खनाल

मुख्य निर्वाचन अधिकृत

मुख्य निर्वाचन अधिकृत